# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५७) काठमाडौं, वैशाख ५ गते २०६४ साल (अतिरिक्तांक २

## भाग ५

## निर्वाचन आयोगको सूचना

मिति २०६३ साल माघ २८ गते पश्चात नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेका तर मतदाता नामावलीमा नाम दर्ता नभएका नेपाली नागरिकहरुको नाम मतदाता नामावलीमा समावेश गर्नको लागि सम्वन्धित व्यक्तिले मिति २०६४।१।११ गतेसम्म निवेदन दिने गरी पचहत्तरै जिल्लाहरुमा कार्यक्रम सञ्चालन भैरहेकोमा केही जिल्लाहरुमा नागरिकताको प्रमाणपत्र वितरण गर्ने कार्यक्रमको म्याद सम्वत २०६४ साल वैशाख मसान्तसम्म थप भएकोले देहायका जिल्लाहरुमा मतदाता नामावलीमा नाम समावेश गर्न देहाय बमोजिम कार्यक्रम सञ्चालन गरिने हुँदा मतदाता नामावली सम्वन्धी ऐन, २०६३ को दफा २३ को उपदफा (१) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छः-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

क) सप्तरी, सिरहा, धनुषा, सर्लाही, पर्सा, रौतहट, अछाम र कैलाली जिल्लाहरुमा मिति २०६३।१०।२८ गते पश्चात् नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने व्यक्तिको मतदाता नामावलीमा नाम समावेश गर्ने सम्बन्धी संशोधित कार्यक्रम

| क.सं. | कार्यक्रम | मिति | | समय | स्थान |
|---|---|---|---|---|---|
| | | देखि | सम्म | | |
| १. | मिति २०६३।१०।२८ गते पश्चात नेपाली नागरिकताको प्रमाणंपत्र प्राप्त गरी मतदाता हुन योग्यता पुगेका तर नामावलीमा नाम समावेश नभएका व्यक्तिले निवेदन दिने | - | २०६४/१/१८ | कार्यालय समय | प्र.ना.द.अ.को कार्यालय |
| २. | निवेदन अनुसार सङ्कलित नामावली प्रकाशन गर्ने | २०६४/१/२० | २०६४/१/२० | विहान १० वजे | प्र.ना.द.अ.को कार्यालय |
| ३. | सङ्कलित नामावली उपर दावी विरोध गरी दरखास्त दिने | २०६४/१/२० | २०६४/१/२१ | कार्यालय समय | प्र.ना.द.अ.को कार्यालय |
| ४. | दावी विरोध परेका मतदातालाई आफ्नो भनाइ पेश गर्न सूचना प्रकाशन गर्ने | २०६४/१/२२ | २०६४/१/२२ | विहान १० वजे | प्र.ना.द.अ.को कार्यालय |
| ५. | नामावलीमा दावी विरोध परेका मतदाताले आफ्नो भनाइ पेश गर्ने | २०६४/१/२२ | २०६४/१/२४ | कार्यालय समय | प्र.ना.द.अ.को कार्यालय |
| ६. | दावी विरोध उपर जाँचबुझ गरी नामावलीबाट नाम हटाइएका व्यक्तिहरुको सूची प्रकाशन गर्ने | २०६४/१/२५ | २०६४/१/२५ | १३ बजे | प्र.ना.द.अ.को कार्यालय |
| ७. | अन्तिम मतदाता नामावली तयार गरी प्रकाशन गर्ने | २०६४/१/२५ | २०६४/१/२५ | १७ बजे | प्र.ना.द.अ.को कार्यालय |

(ख) मुस्ताङ, डोल्पा, मुगु र हुम्ला जिल्लाहरुमा मिति २०६३।१०।२८ गते प्रश्चात नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने व्यक्तिको मतदाता नामावलीमा नाम समावेश गर्ने सम्बन्धी संशोधित कार्यक्रम

| क.सं. | कार्यक्रम | मिति | | समय | स्थान |
|---|---|---|---|---|---|
| | | देखि | सम्म | | |
| १. | मिति २०६३।१०।२८ पश्चात् नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरी मतदाता हुन योग्यता पुगेका तर नामावलीमा नाम समावेश नभएका व्यक्तिले निवेदन दिने | - | २०६४/१/३१ | कार्यालय समय | प्र.ना.द.अ.को कार्यालय |
| २. | निवेदन अनुसार सङ्कलित नामावली प्रकाशन गर्ने | २०६४/२/२ | २०६४/२/२ | विहान १० वजे | प्र.ना.द.अ.को कार्यालय |
| ३. | सङ्कलित नामावली उपर दावी विरोध गरी दरखास्त दिने | २०६४/२/२ | २०६४/२/३ | कार्यालय समय | प्र.ना.द.अ.को कार्यालय |
| ४. | दावी विरोध परेका मतदातालाई आफ्नो भनाइ पेश गर्न सूचना प्रकाशन गर्ने | २०६४/२/४ | २०६४/२/४ | विहान १० वजे | प्र.ना.द.अ.को कार्यालय |
| ५. | नामावलीमा दावी विरोध परेका मतदाताले आफ्नो भनाइ पेश गर्ने | २०६४/२/४ | २०६४/२/६ | कार्यालय समय | प्र.ना.द.अ.को कार्यालय |
| ६. | दावी विरोध उपर जाँचबुझ गरी नामावलीबाट नाम हटाइएका व्यक्तिहरुको सूची प्रकाशन गर्ने | २०६४/२/७ | २०६४/२/७ | १३ बजे | प्र.ना.द.अ.को कार्यालय |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| ७. | अन्तिम मतदाता नामावली तयार गरी प्रकाशन गर्ने | २०६४/२/७ | २०६४/२/७ | १७ बजे | प्र.ना.द.अ.को कार्यालय |

द्रष्टव्य :

१. विदाको दिनमा पनि कार्यक्रम सञ्चालन गर्न वाधा पर्ने छैन ।

२. प्र.ना.द.अ. भन्नाले प्रमुख नाम दर्ता अधिकारी सम्झनु पर्दछ ।

३. प्र.ना.द.अ.को कार्यालयको रुपमा जिल्ला निर्वाचन कार्यालय रहने छ ।

आज्ञाले,
सुशील जंग बहादुर राणा
का.मु. सचिव
निर्वाचन आयोग

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु ५।–

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।